September 8th, 2025 Saturday

यो आकाशवाणी हो।

सुरुमा यस बुलेटिनका प्रमुख समाचार

- राष्ट्रपित द्रौपदी मुर्मुले देशवासीहरूसित भारतलाई ज्ञान र व्यापारको प्रमुख केन्द्र बनाउने आह्वान गर्नुभएकोछ।
- काठमांडौको बानेश्वरमा आज Generation 2 प्रदर्शनकारीहरूको हिसक विरोधको बेला भएको पुलिस गोलीबारीमा 19 जनाको मृत्यु भएकोछ भने 347 भन्दा बढि घाइते भएका छन् प्रधानमन्त्री के पी शर्मा ले आयात बैठक बोलाउनु भएको छ।
- श्रम तथा रोजगार मन्त्रालयले युवाहरूका लागि रोजगारका अवसरमा बढ़ाउने अनि कौशल विकासका निम्ति एक निजी कम्पनीका साथ सम्झौता गरेकोछ।
- उपराष्ट्रपति पदका लागि भोलि चुनाव हुनेछ।
- आकाशवाणीको समाचार सेवा प्रभागले आज राति 9.30 बजे फोन इन कार्यक्रम Public Speak मा नेत्र दानबारे भ्रान्तिहरू हटाउन परिचर्चा प्रसारित गर्नेछ।
- महिला एशिया कप हॉकी टुर्नामेन्टमा भारत Super Four चरणमा पुगेको छ।

राष्ट्रपति – EEPC

राष्ट्रपति द्रौपदी मुर्मुले देशवासीहरूसित भारतलाई ज्ञान र व्यापारको प्रमुख केन्द्र बनाउने आह्वान गर्नुभएकोछ। उहाँले आज नयाँ दिल्लीमा इंजीनियरिंग निर्यात प्रवर्द्धन परिषद – EEPC को Platinum Jubilee समारोहलाई संबोधित गर्दै यो कुरा भन्नुभयो। राष्ट्रपति मुर्मुले भन्नुभयो भारतीय अर्थव्यवस्थालाई थप आत्मनिर्भर तथा निर्यातमा उत्कृष्ट बनाउने आवश्यकता छ।

श्रीमती मुर्मुले EEPC ले अन्तर्राष्ट्रिय बजार र भारतीय उत्पादहरूबीच एक सेतुको रूपमा काम गर्छ भन्नुभयो।

गोपाल स्वदेशी

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले उद्योगहरूलाई स्वदेशी उत्पादहरूमा ध्यान केन्द्रित गर्नुपर्ने भन्नुभएकोछ। आज नयाँ दिल्लीमा 56 औं भारतीय इजीनियरिङ निर्यात प्रवर्द्धन परिषद EEPC इंडिया राष्ट्रीय पुरस्कार समारोहलाई संबोधित गर्दै श्री गोयलले भन्नुभयो वैश्विक

परिस्तितिहरूमा उत्पन्न चुनौतिहरू भएतापनि भआरत एक राष्ट्रको रूपमा एकजुटछ। उहाँले भन्नुभयो जिएसटी दरहरूमा कटौती र सरलीकरणका साथै प्रधानमन्त्री नरेन्द्र मोदीले घरेलु मागलाई बढ़ावा दिनुभएकोछ।

## काठमांडौं विरोध प्रदर्शन

काठमांडौको बानेश्वरमा आज Generation (जेड) प्रदर्शनकारहरूको हिस्साका विरोध प्रदर्शनमाथि नियन्त्रणका लागि भएको पुलिसको गोलीबारीमा 14 जनाको मृत्यु भएकोछ भने एक सय भन्दा बढ़ि घाइते भएका छन्। सरकारले प्रमुख सोशल मीडिया प्लेटफार्ममा हालैमा लगाएको प्रतिबन्ध पछी यो विरोध प्रदर्शन त्यति बेला थप भड़कियो जब प्रदर्शनकारीहरूले संग्रीप संसद माथि आक्रमण गरे। काठमाडौ जिल्ला प्रशासनले राजधानीका प्रमुख क्षेत्रहरू बानेश्वर तिनकुने तथा राष्ट्रपति कार्यलय अनि सिंहदरबारका आसपास, दिउँसो 12.30 देखि राति 10 बजे सम्म कर्फ्यू लगाएको छ।

अभिव्यक्तिको स्वतन्त्रता र डिजिटल अभिव्यक्तिलाई खतरा भएको भन्दै युवाहरूले टिकटॉकको माध्यमले संगसित भएर संसद सम्म मार्च गरे।

पार्दर्शिता जवाबदेही र प्रतिबन्ध हटाउने माग गर्दै गरेको यस आन्दोलनलाई व्यापक समर्थन प्राप्त भएकोछ।

## प्रधानमन्त्री कार्यशाला

भारतीय जनता पार्टी र राष्ट्रीय जनतांत्रिक गठबन्धनका सांसदहरूको दुई दिनको कार्यशाला हिजो संसद भवनको बालयोगी सभागारमा शुरूभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले आज यसको प्रम्पन्न बिजेपी नेताहरू र सांसदहरूले विभिन्न विषयहरूबारे आफ्नो विचारहरूको बाढ़चुढ़ गरे।

## पंजाब बाढ़ि

प्रधानमन्त्री नरेन्द्र मोदीले भोली बाढ़ि प्रभावित पंजाबको दौड़ाहा गरि वर्तमान हालतको समीक्षा गर्नुहुनेछ। एक समीक्षा बैठक पनि उहाँले गर्ने संभावना छ।

## MOU – Mandavia

श्रम तथा रोजगार मन्त्रालयले युवाहरूका लागि रोजगारको अवसर बढ़ाउने अनि कौशल विकासका निम्ति एक निजी कम्पनीका साथ सम्झौता गरेको छ। केन्द्रिय मन्त्री मनसुख माण्डवियाको उपस्थितिमा आज नयाँ दिल्लीमा सम्झौता ज्ञापनमा हस्ताक्षर गरियो। यस अवसरमा श्री माण्डवियाले रोजगार सृजनलाई सशक्त र आत्मनिर्भर भारतको महत्वपूर्ण स्तम्भ

भनि बताउनुभयो। श्री मांडवियाले राष्ट्रिय करियर सेवा पोर्टलले रोजगार सृजित गर्नमा महत्वपूर्ण भूमिका खेली रहेको छ। भन्नुभयो।

## उपराष्ट्रपति – चुनाव

उपराष्ट्रपति पदका लागि भोलि चुनाव हुनेछ। यस चुनावमा NDA  उम्मेदवार र महाराष्ट्रका राज्यपाल सि. पी राधाकृष्णन र इंडिया ब्लॉकका उम्मेदवार तथा सर्वोच्य न्यायालयका पूर्व न्यायाधीश बि सुदर्शन रेड्डी बीच हुनेछ।

उप राष्ट्रपतिको चुनाव संसदका दुवै सदनका सदस्यहरू भएको एक निर्वाचक मंडलले गर्ने गर्छ।

## अनिवार्य घोषणा- Public Speak

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति 9 बजेर 30 मिनिटमा Phone – In कार्यक्रम  Public Speak मा नेत्र दानबारे भ्रान्तिहरू दूर गर्न परिचर्चा प्रसारित गर्नेछ। अखिल भारतीय आयुर्विज्ञान संस्थानका डाक्टर राजेन्द्र प्रसाद नेत्र बिज्ञान केन्द्रकी प्रोफेसर तथा राष्ट्रीय नेत्र बैंककी अध्यक्ष नम्रता शर्मा र नेत्र बैंकका प्रभारी एवम् भारतीय नेत्र बैंक सघका महासचिव डॉक्टर राजेश सिन्हाले परिचर्चामा भाग लिनेछन्।

कार्यक्रमको अवधिमा श्रोताहरू स्टुडियोमा उपस्थित विशेषज्ञहरूका साथ नेत्र दानका विभिन्न पक्ष र संबधित नियमहरूबारे प्रश्न सोध्नु  सक्नेछन्।

टेलीफोन नम्बरहरू हुन्  -

011-2371-7117-र 011-2331444

Whats App number हो-

9280904044

हैशटैग ASK- AIR का साथै एक्समा पनि प्रश्नहरू Post गर्न सकिनेछ।

## जयशंकर -  गभर्नर

विदेश मन्त्री डॉ सुब्रहमण्यम जयशंकरले आज नयाँ दिल्लीमा आयोवाकी गभर्नर किम रेवॉल्ड्ससित भेट गर्नुभयो।

सोशल मीडियामा डॉ जयशंकरले गभर्नर Reynolds का साथ भारत- अमैरीकाका आर्थिक संबध र त्यसका संभावनाहरू माथि छलफल भएको भन्नुभयो।

## रक्षा मन्त्री – एनसिएस

रक्षा मन्त्री राजनाथ सिंहले दिल्लीको Navy Children School (NCS) का विद्यार्थीहरूलाई उद्देश्यपूर्ण सपना हेर्ने ईमानदारीका साथ आफ्ना लक्ष्यहरू तर्फ जाने अनि आफ्ना सबै कार्यहरूमा राष्ट्रीय गर्वको दरिलो भावना कायम राख्न भनि प्रोत्साहन दिनुभएकोछ । उहाँ स्कूलको हीरक जयन्ती समारोहमा बोल्दै हुनुहुन्थ्यो।

## अजय सूद- ICAR सम्वाद

प्रधानमन्त्रीका मुख्य वैज्ञानिक सल्लाहकार अजय कुमार सूदले भारतको आर्थिक उत्पादनमा कृषिले 15 देखि 20 प्रतिशतको योगदान दिन्छ भन्नुभएकोछ। नयाँ दिल्लीमा भारतीय कृषि अनुसन्धान परिषद द्वारा आयोजित दुई दिवसीय Dialogue Next कार्यक्रममा श्री सूदले भन्नुभयो, कृषिले कार्यबलका लगभग 60 प्रतिशत भागलाई समर्थन दिन्छ भने लाखौं मानिसहरूको आजीविकाको पनि यो आधार हो।

## बिहार आंगनबाड़ी

बिहार सरकारले आगनबाड़ी सेविकाहरू र सहायिकाहरूको परिश्रमिकमा वृद्धि गर्ने घोषणा गरेकोछ। आंगनबाड़ी सेविकाहरूको परिश्रमिक बढ़ाएर सात हजार देखि नौ हजार अनि आंगनवाड़ी सहायिकाहरूको पारिश्रमिक चार हजार देखि बढ़ाएर साढ़े चार हजार गरिएको छ।

## एशिया कप हॉकी

महिला एशिया कप हॉकी टुर्नामेन्टमा भारत सुपर फोर चरणमा पुगेकोछ।

चीनमा निवनीत कौर र मुमताज को हैट्रिकले गर्दा आज पुल मैचमा भारतले सिंगापुरलाई 12-0 ले पराजित गर्यो।